जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ११९ पृष्ठः ४ २०८२ भदौ ११ गते बुधबार (Wednesday 27 Aug. 2025) मूल्य रु. ५।- इमेल : mgnd2070@gmail.com

# मधेसमा चौरचन र तिजको सांस्कृतिक मेलमिलाप

**मिथिलेश यादव**

लहान, १० भदौ। मधेस प्रदेशलगायत मिथिलाञ्चलमा चौरचन पर्व श्रद्धापूर्वक मनाइयो। मंगलबार साँझ चन्द्रमालाई पूजा गरी चौरचन पर्व उल्लासपूर्वक मनाइयो। भदौ चतुर्थी तिथिका दिन मनाइने यो पर्वलाई 'चौठचन्द्र' चौरचन भनिन्छ। संस्कृत भाषाको चतुर्थी ध्वन्यात्मक भेदले गर्दा चौठी वा चौठ भएको हो। लोकधारणा अनुसार भदौ शुक्ल चतुर्थीको दिन उदाउने चन्द्रमा चोर हुन्छ भनिन्छ। यस दिनको चन्द्रमाको दर्शन खाली हात गर्नु हुँदैन, यसो गरेमा दोष लाग्छ भनिन्छ। हातमा कुनै फल वा नैवेद्य लिई यस दिनको चन्द्रमाको दर्शन गरेमा दोष नलाग्ने मान्यता समेत रहेको छ।





चन्द्रमाको पूजासँग सम्बन्धित यो पर्व मिथिलाञ्चलको विशिष्ट पर्व हो। चन्द्रमा जीवनका हरेक क्षेत्रमा व्याप्त रहेका कारण मैथिल समाज विशेषतः मधेसी समाजले चन्द्रमालाई देउताका रूपमा श्रद्धापूर्वक पूजा गर्दै आएको छ। ज्योतिषशास्त्रमा चन्द्र मण्डललाई जलवृष्टिको आधार मानिएको छ। यही विश्वासले मैथिल समाज कुनै पनि शुभ कार्य गर्दा चन्द्रमाको स्थितिलाई महत्व दिन्छ। मैथिल समाजको भाव, कल्पना र विचारमा चन्द्रमाको व्यापकत्व रहेका कारण मैथिल समाजले धार्मिक अनुष्ठानदेखि साहित्य, संगीत, चित्रकलालगायतका विभिन्न क्षेत्रमा चन्द्रमालाई चन्द्रदेव भनी आराधना गर्दै आएको पाइन्छ।

चन्द्रमालाई मनको देउता पनि भनिन्छ। ऋग्वेदमा धनको प्राप्ति एवं सुस्वास्थ्यका लागि चन्द्रमाको यत्रतत्र प्रार्थना गरिएको पाइन्छ। चन्द्रमाको उपासनाले कफ रोग निको हुने, वीर्य दोषबाट निवृत्ति र चञ्चल मन एकाग्र हुने धारणा पाइन्छ योगशास्त्र अनुसार चन्द्रबिम्बमा ध्यानले विश्वको समस्त घटनाको ज्ञान साधकले सहजताले प्राप्त गर्छ। यो पर्वको प्रारम्भ मिथिला नरेश हेमाङ्ग ठाकुरद्वारा भएको मानिन्छ। उनी ज्योतिषशास्त्रमा भएकाले चन्द्रमाको पूजाको परम्परा प्रारम्भ गरेको विश्वास पाइन्छ।

मैथिल समाजका धेरैजसो परिवारमा यो व्रत गर्ने भाकल गरिएको हुन्छ। परिवारमा कसैलाई कुनै कष्ट भएको बेला यो पर्व गर्ने भाकल गरेर कष्ट निवारणका लागि चन्द्रमालाई बिन्ती गरिन्छ। यस्तो भाकल पाँचदेखि दश वर्षका लागि पनि गरिन्छ भने कतिपय अवस्थामा यो आजीवन हुने गर्छ। लहान नगरपालिका ४ की अम्बिका यादव झन्डै एक दशकदेखि यो व्रत बस्दै आएकी छन्। चतुर्थीका दिन दिनभर उपवास बसी नैवेद्य लागि पकवान पकाइन्छ। साँझ भएपछि चन्द्रमाको विशेष विधिपूर्वक पूजा गरी यो पर्व सम्पन्न हुने उनी बताउँछिन्।

चौरचन पर्व मिथिला क्षेत्रको पारम्परिक लोकपद्धतिमा आधारित पर्व हो। यहाँ जति लोक परम्परा रहेको छ त्यसमा कुनै प्रकारको भेदभाव हुँदैन। यसमा कुनै तामझाम हुँदैन। यसमा प्रयोग हुने विभिन्न सामग्री जस्तै माटोको भाँडा, फलफूल, पिठोबाट बनेको परिकार, दहीलगायतका सम्पूर्ण सामग्री आफ्नै घर आँगनबाट उत्पादन भएको प्रयोग हुन्छ। व्रतालु यादवका अनुसार मानिस जन्म लिएपछि उनीहरूले सूर्य र चन्द्रमालाई मात्र हेर्यो बाँकी सबै देवी देवतालाई शास्त्रीय विधि अनुसार प्रतिष्ठानमा राखेर पूजा गरिन्छ। चौरचन पर्वको आयोजना भाद्र शुक्ल चतुर्थी तिथिका दिन रातिमा चन्द्रमाको पूजा गरी मनाइन्छ।

**तिजको रमझम**

-बाँकी दुई पेजमा

# हैजा फैलिएपछि वीरगञ्जका विद्यालय थप तीन दिनका लागि बन्द

काठमाडौं, १० भदौ। हैजा फैलिएपछि पर्साको वीरगञ्ज महानगरपालिकाले आफू मातहतका सबै विद्यालयहरु थप तीन दिनका लागि बन्द गरेको छ। बसेको नगरप्रमुखस्तरीय बैठकले भोलिदेखि शुक्रवारसम्म सबै विद्यालय बन्द गर्ने निर्णय गरेको हो। यस अघि दुई दिनका लागि विद्यालय बन्द गरिएका थिए। बैठकले विद्यालयका शिक्षक र कर्मचारीलाई हैजा नियन्त्रणसम्बन्धी जनचेतना मूलक कार्यक्रम सञ्चालन गर्न आग्रह गरेको छ। यसैबीच राष्ट्रिय

-बाँकी तीन पेजमा




# विषादी सेवनबाट एकको मृत्यु, ६ जना घाइते

**विनय कर्ण**

सप्तरी, १० भदौ। सप्तरी जिल्लामा पछिल्ला दुई दिनमा मात्रै सात जनाले विषादी सेवन गरेकोमा एकको मृत्यु भएको छ। ६ जना घाइतेको अस्पतालमा उपचार भईरहेको प्रहरीले जनाएको छ। १५ वर्षीया रन्जना साहको उपचारका क्रममा राजविराज स्थित छिन्नमस्ता अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक गौतमकुमार केसीले जानकारी दिनुभयो।

राजविराज नगरपालिका-१३ भेल्ही बिसहरियाकी २१ वर्षीया पार्वती देवी यादव, राजगढ गाउँपालिका-३ नर्वोकी ३० वर्षीया मनिता देवी राम, कञ्चनरुप नगरपालिका-४ जगतपुरका३५ वर्षीय रुपेश यादव, हनुमाननगर कंकालिनी नगरपालिका-१० इनर्वाकी १९ वर्षीया आईश खातुन, बोदेबर्साइन नगरपालिका-८ काचनटोलका २८ वर्षीय ललित महतो र राजगढ-१ मुड्कि टोलकी २३ वर्षीया ललिता कुमारी यादवले छुट्टाछुट्टै समयमा विषादी सेवन गर्नुभएको हो।

युवतीदेखि किशोरी र युवासम्म विषादी सेवन गरेका यी सबैलाई राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल, छिन्नमस्ता अस्पताल तथा नोबेल अस्पताल विराटनगरमा उपचारका लागि भर्ना गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। प्रहरीकाअनुसार सेवन गरिएका विषादीमा धान-गहुँमा प्रयोग हुने 'सल्लेफस', तरकारी बालीमा प्रयोग हुने 'एल्मुनियम फस्फेट' लगायतका रसायन रहेको छ।

## बाढीबारे चासो राखौं, चनाखो बनौं

**बाढी र डुबान हुनुपूर्वको तयारीः**

- वर्षायाममा सधैं मोवाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,
- बर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं.
- गाउँ, टोल, वडामा रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं.
- आपतकालितन अवस्थाकालागि अन्न, दाल, नून, तेल, पानी सफा गर्ने औषधी र साबुनजस्ता सामाग्री घरको अग्लो ठाउँमा राखौं.
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे पहिल्यै थाहा पाइराखौं
- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## मधेश प्रदेशमा प्रहरीको संलग्नता उजागर

मधेश प्रदेशमा लामो समयदेखि चल्दै आएको तस्करी धन्दामा प्रहरी प्रशासनकै संलग्नता सार्वजनिक भएपछि ठूलो तहसम्मको कारबाही सुरु भएको छ। प्रदेश प्रहरी कार्यालय, जनकपुरले तस्करीमा संलग्न वा सहयोगी भूमिका खेलेका भन्दै १ सय १३ जना प्रहरीलाई जिम्मेवारीमुक्त गरेको छ। मधेश प्रदेशका प्रहरी प्रमुख डीआईजी उमाप्रसाद चतुर्वेदीका अनुसार ती प्रहरीलाई कार्यरत ठाउँबाट हटाएर अन्यत्र सरुवा गरिएको छ।

तस्करीजस्तो गम्भीर अपराधमा सुरक्षा निकायका सदस्य नै संलग्न भएको देखिनु आमनागरिकको सुरक्षाप्रति ठूलो प्रश्न हो। घुमुवा प्रहरी र सादा पोसाकमा खटाइएका सुरक्षाकर्मीहरू तस्करी नियन्त्रण गर्नुभन्दा तस्करहरूसँग सञ्जाल बनाउँदै गैरकानुनी असुलीमा लागेको तथ्यले प्रहरी संगठनकै छविमा कालो धब्बा लागेको छ। सीमामा खटिने प्रहरी, सशस्त्र प्रहरी, भन्सार कर्मचारी तथा अनुसन्धान निकायका प्रतिनिधिहरूले आफ्नो कर्तव्यबाट विचलित भई आपराधिक समूहसँगको साँठगाँठलाई प्राथमिकता दिएको देखिन्छ।

सीमानाकामा सुरक्षाको जिम्मेवारी लिएका निकायहरू बीच समन्वयको अभाव, भित्री मिलेमतो र राजनीतिक आड–अडानका कारण तस्करी नियन्त्रण प्रभावकारी बन्न सकेको छैन। सुरक्षा संयन्त्र आफैं शंकाको घेरामा पर्नु केवल संगठनकै बेइज्जती होइन, यो राज्यको कानून र शासनप्रणालीमाथिको ठूलो आघात हो। डीआईजी चतुर्वेदीले संगठनमाथि आँच आउने कार्यमा संलग्नमाथि कठोर कारबाही गरिने बताएका छन्, जुन सन्देश सकारात्मक छ। तर, केवल सरुवाले मात्र समस्या समाधान हुने देखिँदैन। तस्करीमा संलग्न कर्मचारीहरूलाई गहिरो अनुसन्धान गरी प्रमाणसहित कारबाहीको दायरामा ल्याउनु आवश्यक छ। अन्यथा, उनीहरूले नयाँ स्थानमा गएर पुनः उही गतिविधि दोहोऱ्याउने खतरा रहन्छ।

तस्करी नियन्त्रणका लागि प्रविधिको प्रयोग, सीमामा सिसि क्यामरा जडान, स्थानीय समुदायसँगको सहकार्य, सुरक्षाकर्मीहरूको नियमित मूल्यांकन र पारदर्शी अनुगमन प्रणालीको विकास अपरिहार्य छ। यसैगरी, सुरक्षा निकायमा ईमानदार, निष्ठावान र जनउत्तरदायी नेतृत्व विकास गर्नेतर्फ समेत ध्यान दिनुपर्छ।

मधेश प्रदेशमा भइरहेको प्रहरी प्रशासनको यो आन्तरिक सफाइ अभियान स्वागतयोग्य हो, तर यो केवल सुरुवात मात्र हो। तस्करीमाथि कडाइ गर्न राष्ट्रका सम्पूर्ण सुरक्षा निकाय, प्रशासन र राजनीतिक तहबीच एकरूपता र इच्छाशक्ति आवश्यक छ। राष्ट्रको सिमा सुरक्षित राख्न र अवैध कारोबार रोक्न सकसपूर्ण तर निर्णायक कदम चाल्न अब ढिलो गर्न मिल्दैन।

### मधेसमा चौरचन...

सिरहा–लहान–३ स्थित शिव मन्दिरमा बिहानैदेखि तिजको कथा श्रवण गर्ने महिलाहरूको बाक्लो उपस्थिति थियो। तिज कथा श्रवण गर्ने मधेसी र पहाडी महिलाको सरोबरी उपस्थितिले पर्वले यस समुदायमा सांस्कृतिक अन्तरघुलन बलियो बनाउँदै गएको प्रमाण दिएको छ। तिज व्रत कथा श्रवण गर्न सहभागी लहान–४ की सुनिती यादव तिजको व्रत बस्न थालेको यो डेढ दशक भएको बताइन्। ०६४ मा वैवाहिक बन्धनमा बाँधिएको वर्षदेखि उनले तिजको व्रत बस्न थालेकी हुन्।

'यो पर्व त पहाडी समुदायको महिलाले मनाउने होइन र?' भन्ने प्रश्नमा यादवको जवाफ थियो, 'पहाडी समुदायको महिलाले मनाउने पर्व मधेसी महिलाले मनाउनुहुन्न र?' यो पर्व हिन्दु धर्मावलम्बी महिलाले मनाउने पर्व हो उनले थपिन्, 'भगवानले पहाडी–मधेसी छुट्याउँदैनन्, अनि हामी किन विभेद गरूँ?' हिन्दु धर्मावलम्बी महिलाहरूले मंगलबार दुई वटा पर्व उत्साहपूर्वक मनाउँदै छन्, चौरचन ( चौठी चाँद) र तिज। यी दुई पर्व नेपाली समाजका दुई समुदायले मनाउने सांस्कृतिक पर्व हो। पहाडी समुदायका महिलाले मनाउने सांस्कृतिक पर्व 'तिज' र मधेसी समुदायका महिलाले मनाउने सांस्कृतिक पर्व 'चौरचन'। पहाडी समुदायका महिलाले पहिलादेखि मनाउँदै आएको तिज पछिल्लो समय मधेसी महिलाले पनि उत्तिकै श्रद्धा र उल्लासका साथ मनाउन थालेका छन्। मधेसी महिलाहरू तिज पर्वलाई उत्तिकै श्रद्धा र उल्लासका साथ मनाउँछन्, जसरी पहाडी महिलाहरूले मनाउँछन्। मधेसी महिलाहरू मंगलबार बिहान सूर्य उदाउनु अघि दर खाएर व्रतको सुरुवात गरेपछि २४ घण्टासम्म निर्जल र निराहार बस्छन्। यी व्रतालुहरू बुधबार बिहानमात्र अन्नपानी ग्रहण गर्ने बताउँछन्। तिजलाई महादेव–पार्वतीको कथासँग जोडेर हेर्दा पार्वतीले महादेव वर पाउन यो व्रत बसेको पाइन्छ तिजको व्रत बसेपछि पार्वतीले शिवलाई वर (पति) को रूपमा प्राप्त गरेको कथामा उल्लेख भएको पाइन्छ। यहीँ कथालाई आत्मसात् गर्दै विवाहित महिलाले पतिको सुस्वास्थ्य र दीर्घायुको लागि र अविवाहिता महिलाले मन पाएको र असल पति पाउनका लागि तिज व्रत बस्ने प्रचलन छ। पछिल्लो समय मधेसी महिलाहरू यो पर्वको महत्त्व बुझेर व्रत बस्न थालेपछि मधेसी र पहाडी महिलाबिच अन्तरङ्ग सम्बन्धलाई सांस्कृतिक रूपले अझ प्रगाढ बनाउने काम गरेको सांस्कृतिक जानकारहरू बताउँछन्।

# राजनीतिको दुष्चक्रमा शिक्षा : समाजवादी मोडल अबको विकल्प

**डबल महतारा**

वास्तवमा राजनीति र शिक्षा एकअर्कामा अन्तर्सम्बन्धित छन्। राजनीतिका लागि शिक्षा र शिक्षाका लागि सही राजनीतिको खाँचो पर्छ। शिक्षा भनेको कुनै पनि शैक्षिक संस्था वा स्वाध्ययनबाट प्राप्त गर्ने ज्ञान, क्षमता, बुद्धिविवेक हो। जस्तो राजनीति छ, समाजमा त्यस्तै खालको शिक्षामा प्रभाव परेको हुन्छ। राजनीति भनेको कुनै पनि राज्यको शासन व्यवस्था निर्धारण गर्ने प्रणाली वा नीति हो। यसमा शिक्षानुसारको राजनीति प्रणाली लागु भएको हुन्छ। विश्वमा विभिन्न खालका राजनीतिक प्रणाली रहेका छन्। तिनीहरूको मुख्य स्रोत भनेको शिक्षा हो। उनीहरूले कुन खालको शिक्षा ग्रहण गरेर नीति निर्माण तहमा पुगेका हुन् भन्ने नै प्रमुख प्रश्न हो। विश्वमा शैक्षिक मोडलहरू पनि फरक–फरक छन्। कुनै ठाउँमा समाजवादी मोडल छ भने कुनै ठाउँ पुँजीवादी या यथास्थितिवादी मोडल पाइन्छ। जुन देशमा समाजवादी शिक्षाको मोडल छ, त्यहाँ वैज्ञानिक तथा व्यावहारिक शिक्षा छ भने जुन देशमा पुँजीवादी वा यथास्थितिवादी मोडल छ, त्यहाँ बुर्जुवा शिक्षा रहेको छ।

राजनीतिमा जुन वर्गको हाबी रहन्छ, उस्तै खालको शिक्षा प्रणाली रहेको हुन्छ। पछिल्लो समयमा हेर्ने हो भने छोटै समयमा पनि छिमेकी मुलुक चीन विश्वको शक्तिशाली राष्ट्रको रूपमा उदाउन सफल भएको छ। यो कुरा शिक्षाको समाजवादी मोडलले मात्रै सम्भव भएको हो। यसका साथै हाल उत्तरकोरिया, क्युबा, भेनेजुयला लगायत देशहरूमा समाजवादी मोडल रहेको छ। डेनमार्क, फिनल्यान्ड, नर्वे, स्विडेन, भुटान लगायत देशमा भने यसको अभ्यास भइरहेको छ। समाजवादी मोडल भएका देशमा सबै वर्ग, जाति, लिंक, क्षेत्र वा समुदायका नागरिकलाई राज्यले निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था रहेको छ। यस्तो खालको शिक्षाले सीमान्तकृत, पछाडि परेका र ग्रामीण क्षेत्रका समुदायलाई विशेष ध्यान दिने गर्छ। समाजवादी शिक्षा मोडलले सबैलाई देशप्रेमी र राष्ट्रभक्ति बनाउँछ। उनीहरूमा सामूहिकता र श्रमप्रति सम्मानको भावनाको विकास गराउँछ।

मैले माथि छिमेकी मुलुक चीनका कुरा ल्याएको थिएँ। त्यहाँको पढाइ एकदमै व्यावहारिक छ। सानैबाट प्रविधिमैत्री शिक्षा दिइन्छ। आधुनिक आवश्यकता र त्यसको हल गर्न सक्ने सम्भावित योजना र आविष्कारका कुरा सिकाइन्छ, अनि मात्र चीन यस्तो भएको हो। जतिबेला चीनमा माओत्सेतुङले दीर्घकालीन जनयुद्धको घोषणा गर्दै थिए, त्यतिबेला त्यहाँको शैक्षिक अवस्था एकदमै धराशायी र जर्जर थियो। जनताहरू भोकमरीले आकुलव्याकुल बनेका थिए। त्यतिबेलै पनि हाम्रो देशका जनता खान पुग्ने स्थितिमै थिए, आत्मनिर्भर थिए। चीनमा जनवादी क्रान्ति सम्पन्न भई नवनिर्माणको अभियान थालेर सफलताको चुलीमा पुग्दासम्म हाम्रो नेपालको अवस्था उही स्थितिमै रहेको छ। अझ भन्ने हो भने विगतको तुलनामा हामी अझ परनिर्भर बन्दै गइरहेका छौँ।

हुम्लाकै कुरा गर्ने हो भने त्यतिबेला प्रशस्त अन्न उत्पादन हुन्थ्यो। आफू खाएर पनि यहाँका बासिन्दाले सातुसामल लिएर तिब्बतको ताक्लाकोटमा व्यापार गर्न जान्थे। सातु र चामल दिएर त्यहाँबाट ऊन र नुन ल्याएर फर्किन्थे। खेतबारीमा कपास उत्पादन गरेर ठेट्वाँको आफैँले घरमा लत्ता–कपडा बनाउँथे। अहिले त्यसको ठिक उल्टो भएको छ। त्यहाँबाट आज सातुसामल नल्याएर बाँच्ने स्थिति छैन। छिमेकीसँग ऊन होइन सुन छ। हामीसँग सामल होइन, अनिकाल छ, भोकमरी छ। यो अवस्था शिक्षा र राजनीतिकै कारणले सिर्जना भएको हो।

हाम्रो चिन्तन साँघुरो छ, विचार सङ्कीर्ण छ। मैले उसलाई केही सिकाएँ भने ऊ मभन्दा अगाडि जान्छ भन्ने मान्यता र धारणा छ। त्यो धारणा हिजोको राणा र पञ्चायती व्यवस्थादेखि नै विकसित भएर आएको हो। त्यही भएर आज सीमित व्यक्तिबाहेक अरूले राजनीतिको अभ्यास गर्न पाएका छैनन्र नीति निर्माण तहमा पुग्न सकेका छैनन्। शिक्षा पनि त्यही खालको छ। स्तुतिवादी, परम्परागत र पुरातनवादी मोडलको। शिक्षा भन्नाले कुनै कुराको उचित तालिम हो। हाम्रो शिक्षाले सीपमूलक तालिम दिनुको सट्टा केवल अर्ती–उपदेश दिने कुरामा सीमित छ। सानालाई माया र ठुलाको आदर गर्नुपर्छ भन्ने कुराको सिकाइले सधैँभरि ठुला व्यक्तिको आदर गर्दागर्दै पैतालामुनि कुल्चिएको पनि थाहै नपाइने स्थितिसम्म पुऱ्याइको छ।

राजनीति सही छ भने शिक्षा सही हुन्छ र शिक्षा सही भयो भने शिक्षित वर्ग पनि सही हुन्छ। देशका विभिन्न ठाउँमा साक्षरता घोषणा कार्यको लहर चलेको छ। मानौँ अब घरका सबै परिवार शिक्षित भयो अरे, मानौँ त्यो घरमा के परिवर्तन आयो त ? उनीहरूले के सबै एकैचोटि रोजगारी पाउँछन् त ? के उनीहरूलाई राज्यले क्षमता अनुसारको काम दिन सकेको छ त ? के साक्षरता बढेर देश मानव विकासको सूचकाङ्कको सूचीमा पहिलो नम्बर पुग्यो त ? त्यसो होइन, अब साक्षरता भयौँ भन्नुभन्दा पनि हामी यति–यति सीपमा निपुण भयौँ भन्न सक्नुपर्छ। दक्षतामा जोड दिनुपर्छ। मेरो पालिकामा यति सीपमूलक तालिम दिइयो, उनीहरूलाई यो यो रोजगारी दिइयो भन्ने खालका समाचार हेर्न र सुन्न पाइएमा मात्र देशको उन्नति हुन सक्छ।

हाम्रो देशमा पनि शिक्षाको समाजवादी मोडल लागु गर्ने हो भने विकासमा छिटो प्रगति गर्न सक्छौँ। किनभने हामी भौगोलिक रूपलेन्र वातावरणीय, जैविक तथा प्राकृतिक स्रोतको हिसाबलेन्र जलस्रोतका हिसाबले विश्वका देशभन्दा अगाडि छौँ। कुनै पनि ठाउँमा हेलिकोप्टरमा माटो बोकेर त्यो ठाउँमा वृक्षारोपण गर्नुपर्ने अवस्था छैन। कुनै पनि ठाउँमा यो खालको बाली र बोटबिरुवा छैन भन्ने अवस्था छैन। केवल सही र सच्चा नेतृत्वको खाँचो छ। त्यो नेतृत्वमा वैज्ञानिक चेतना र व्यावहारिक दृष्टिकोणको खाँचो छ।

पछिल्लो समयमा हाम्रो मुलुकमा शिक्षाका लागि राजनीति होइन, राजनीतिका लागि शिक्षा दिइन्छ। त्यहाँ पढाइ भयो वा भएन ? त्यहाँ शिक्षक कर्मचारी छन् वा छैनन् ? त्यहाँ भौतिक पूर्वाधार छन् कि छैनन् ? विद्यालयको अवस्था कस्तो छ ? भन्नेतिर कसैको चासो र चिन्ता छैन।

चुनावमा भोट संकलन गर्ने थलोका रूपमा गाउँमा विद्यालय स्थापना गरिन्छ। आफ्नो राजनीति बलियो बनाउनका लागि विद्यालय व्यवस्थापन समितिको चुनाव गराइन्छ। आफ्ना आफन्ती भर्ती गर्ने ठाउँका रूपमा विद्यालय बनाइन्छ। आज ती राजनीतिक अखडा भएका छन्। अधिकांश विद्यालय आफन्त र राजनीतिक कार्यकर्ता भर्ती केन्द्रका रूपमा विकास गरिएको छ। उनीहरूले नपढाए पनि चुनावको दिन जिन्दावाद र मुर्दावादको नारा लगाए पुग्छ। अनि कसरी शिक्षाको विकास कसरी हुन्छ ?

प्रायः राजनीतिक दलका नेता वा उच्च तहका कर्मचारीले आफ्ना सन्तानलाई सरकारी विद्यालयमा पढाउँदैनन्। उनीहरूलाई सरकारी विद्यालयको अवस्थाका बारेमा खासै चिन्ता र चासो हुँदैन। विद्यालय व्यवस्थापन समिति गठनको दिन, वार्षिकोत्सवको दिन र चुनावको प्रचारको दिनबाहेक उनीहरू अरू दिन सरकारी विद्यालय जाँदैनन्। अनि उनीहरूलाई कसरी थाहा हुन्छ विद्यालयको अवस्था ? पढाइको चाँजोपाँजो मिलाउने काम उनीहरूले कति गरे ? गम्भीर प्रश्न उठ्छ।

विद्यालयमा पनि जाने र घरमा पनि नियमित रूपले अध्ययन गर्ने, गराउने कार्य नै शिक्षा हो। सरकारी विद्यालयमा पढ्ने अधिकांश बालबालिकाले घरमा गएर कामधन्दा गर्नुपर्ने अवस्था छ। भोकै विद्यालय जानुपर्ने बाध्यता छ। कापी किन्ने पैसा नपाएर उनीहरूको यौवन तड्पिरहेको हुन्छ। अनि त्यहाँ कसरी गुणस्तरको कुरा सम्भव हुन्छ ? उता निजी विद्यायमा पढ्ने बालबालिकालाई लिन घरमै गाडी पुग्छ। टिफिनमा नास्ता हुन्छ। मासिक शुल्क, ट्युसन वा कोचिङ शुल्कको कुनै चिन्ता हुँदैन। उनीहरूको प्रमुख काम पढ्नेबाहेक अर्को छैन। अनि त्यहाँ नभएर पढाइ कहाँ हुन्छ। राजनीतिक रूपले सरकारी विद्यालयको व्यवस्थापन नगर्ने अनि खालि शिक्षकलाई मात्र दोष लगाएर कहिले शिक्षामा गुणस्तर हासिल गर्न सकिन्छ ?

शिक्षामा व्यापारीकरण भइरहेको छ। देशमा अहिले दुई खालको शिक्षा नीति छ। एउटा व्यापारिक र अर्को अव्यावहारिक। व्यापारिक शिक्षाले लगानीकर्तालाई मोटाउने अवसर प्रदान गरेको छ भने अव्यावहारिक शिक्षाले विद्यार्थीलाई दर्जनौँ लब्धाङ्कपत्र प्रदान त गरेको छ अव्यावहारिक र खोक्रो मात्रै। वास्तवमा दुवै खालको शिक्षाले बेरोजगार र अदक्ष जनशक्ति मात्रै उत्पादन गरिरहेका छन्। अहिले संसद्मा शिक्षा विधेयकका बारेमा छलफल भइरहेको छ। त्यो विधेयकले पनि वर्तमान समस्या हल गर्न सक्ने खालको छैन। जबसम्म नेतृत्वमा समाजवादी चेतना जाग्दैन र विद्यार्थीले पनि व्यावहारिक शिक्षाको अनुभूत गर्न पाउँदैनन्, तबसम्म हाम्रो देशको हालत यस्तै हुनेछ।

विद्यालय अहिले ठाउँठाउँमा च्याउ उम्रेजस्तै छन्। कतै सात विद्यार्थी नौजना शिक्षक त कतै पाँच–सात सय विद्यार्थी सात जना शिक्षक छन्। यो पनि राजनीतिले नै सिर्जित गरेको समस्या हो। वर्तमान शिक्षा र राजनीतिक प्रणालीले देशलाई नै बेरोजगार उत्पादन गर्ने कारखाना बनाएको छ। बाकसमा डिग्रीको लब्धाङ्क पत्र थन्क्याएर खाडी मुलुकमा जाने युवाहरूको लर्कै बढिरहेको छ। व्यावहारिक शिक्षाले दक्ष जनशक्ति उत्पादन गर्छ र राष्ट्रलाई समृद्धितिर लैजान्छ भने बुर्जुवा शिक्षाले बेरोजगार उत्पादन गरेर गरिबी, भ्रष्टाचार विकृति निम्त्याउँछ।

अब राजनीतिका लागि शिक्षाभन्दा पनि शिक्षाका लागि राजनीति गर्न आवश्यक छ। यसका लागि एक मात्र उत्तम विकल्प समाजवादी क्रान्ति हो। जहाँ सबैले काम गर्न पाउँछन्र सबैले खान र लाउन पाउँछन्र जहाँ यो देश सबैको साझा हो भन्ने भावना अपनत्वको विकास हुन्छन्र जहाँ सबैले नैसर्गिक अधिकारसहित मौलिक अधिकारको पूर्ण प्रत्याभूति गर्न पाउँछ त्यहाँ भ्रष्टाचार किन गर्नुपऱ्यो ? भ्रष्टाचार गऱ्यो भने पनि कडा सजाय दिने व्यवस्था गरिन्छ।

'म'को सट्टा हामी र हाम्रो भन्ने भावना विकास गर्न र सिकाउन जरुरी छ। त्यो शिक्षा समाजवादी मोडलमा हुन्छ। बालबालिका र ज्येष्ठ नागरिकलाई राज्यले हेर्ने र युवा शक्तिलाई उनीहरूको क्षमता र योग्यताका आधारमा काम दिने हो भने हामी छिटै सम्पन्नशाली बन्नेछौँ। समाजवाद र समृद्धिलाई नारामा मात्र सीमित नराखौँ, जीवन व्यावहारमा लागु गरौँ। शैक्षिक प्रणाली बदलौँ। अब प्राथमिक तहबाटै बालबालिकाको रुचि अनुसारको सीपमलूक शिक्षा दिएर माध्यमिक तहसम्म पूरै रोजगारी बन्ने खालको शिक्षाको मोडल विकास गरौँ।

राज्य र प्रशासनसँग सम्बन्धित सामाजिक सिद्धान्त हो राजनीति। यस्तै खालको राजनीतिले हाम्रो देशमा कर्मचारीतन्त्र हाबी गराएको छ। नीति–नियम पनि व्यक्तिपिच्छे फरक अर्थ लगाइन्छ र लागु गरिन्छ। शासन व्यवस्थासम्बन्धी नीति र राज्य सञ्चालन प्रणालीको

–बाँकी तीन पेजमा

## राजनीतिको ...

नेतृत्व गर्ने भएकाले राजनीति जननीतिमा परिणत हुन आवश्यक छ। केवल देखाउने दाँतका रूपमा सीमित राखिनु हुँदैन। शिक्षा समाजबाट सिकेर, सुनेर वा सामाजिक मूल्य–मान्यताबाट ग्रहण गरिने व्यावहारिक वा सैद्धान्तिक प्रक्रिया हो। हाम्रो समाजमा भ्रष्टाचारका कुरा सुनिन्छन्, विकृतिले सिर्जना गरेका व्यावहार देखिन्छन् अनि कसरी सही खालको शिक्षा ग्रहण गर्न सक्छन् विद्यार्थीले ? सामाजिक सञ्जाल र समाजमा पनि त्यस्तै खालका प्रवृत्ति छन्।

अब हामीले शिक्षा र राजनीतिको परिभाषा परिवर्तन गर्नुपर्छ। हाम्रो नेपालको सन्दर्भमा कुनै पनि कुराको कमी छैन। सकारात्मक र प्रगतिशील व्यवहार र सिद्धान्त सिकेर वा ग्रहण गरेर देश र जनताको हित गर्नु नै शिक्षा हो। त्यस्तै राजनीति भनेको सबै नागरिकलाई र विशेषतः गरिब, विपन्न, पिछडिएका व्यक्ति तथा समूहलाई राज्यको मूलधारमा ल्याई पूर्ण रूपमा आत्मनिर्भर गराउने नीति हो। राजनीति पेसा होइन सेवा हो भन्ने खालको शिक्षा दिने वातावरण तयार पारौँ। शिक्षा पढाइ र भोगाइ दुवै तरिकाबाट आर्जन गरिने सकारात्मक बुद्धि हो भनेर सिकाऔँ। जहाँ सिक्नु मात्र शिक्षा होइन, त्यो सिकाइले जीवन निर्वाह गर्ने तथा इमानदार, अनुशासित र कर्तव्यनिष्ठ बन्ने बनाओस्। शिक्षाले व्यक्तिलाई कर्तव्य र दायित्व दुवै कुराको बोध गराउन सक्नुपर्छ। अब हनुमानको कथा पढाएर सम्भव हुँदैन। गरिबको दुःखका बारेमा कथा पढाउन आवश्यक छ। त्यो दुःखबाट कसरी उन्मुक्ति पाउने भन्ने उपाय खोजी गर्ने शिक्षाका बारेमा पढ्ने र पढाउने गरौँ।

हाम्रा विद्यालयलाई अब अनुसन्धान केन्द्रमा परिणत गर्न आवश्यक छ। यहाँका जडीबुटीबाट कसरी औषधी बनाउने ? यहाँका फलफूलबाट कसरी जामजेली बनाउने ? यहाँका डाँडाकाँडाहरूमा कसरी केबलकारको जालो फिँजाउने ? कसरी हिमालय पर्वतहरूमा बढीभन्दा बढी हिउँ पगाल्ने होइन जम्मा हुने व्यवस्था सिर्जना गर्ने भन्ने चेतनाको विकास विद्यार्थीमा सानैदेखि गराउन आवश्यक छ।

गाउँका वैद्यहरू जम्मा गरेर जडीबुटीका बारेमा सोधखोज गर्ने गरौँ। किसानको ज्ञानलाई भरपुर प्रयोग गरेर कुन ठाउँबाट सिँचाइ नहर निर्माण गर्ने कहिले र कुन समयमा धान खेती गर्ने भन्ने कुरा सिकौँ। भोकमरीको चपेटामा परेका व्यक्तिलाई एकमुठी अन्न वितरण गर्ने सरकारी गोदाम घर निर्माण गरौँ। अनि मात्र सही राजनीति हुनेछ। त्यसैले मात्र सही खालको शैक्षिक प्रणाली विकास गर्नेछ। हामीले पढ्न त पीएचडीसम्म पढ्छौँ तर पेट दुखे के औषधी खाने भन्ने कुरा जानेका हुँदैनौँ। पाइन्ट वा धोतीको छेउमा उ`को सिलाउन जान्दैनौँ। स्वादिलो र स्वास्थ्यलाई असर नगर्ने खाना पकाउन जान्दैनौँ।

लोकसेवा र शिक्षक सेवाको परीक्षा दिन कापीमा उत्तर लेख्नेबाहेक अर्को सीप सिकाउन सकेको छैन हाम्रो शिक्षा प्रणालीले। अब हाम्रो साधारण धारतर्फको शिक्षा हटाऔँ र प्राविधिक तथा व्यावसायिक शिक्षालाई अनिवार्य बनाऔँ। देशभित्रै उद्योगधन्दा, कलकारखाना निर्माण गरी कसरी देशलाई धनी बनाउने भनेर चिन्तनमनन गर्ने जनशक्ति उत्पादन गर्ने विद्यालय निर्माण गरौँ। भ्रष्ट हुने र भ्रष्टाचार गर्ने नीति तोडौँ। इमानको राजनीति गर्ने र सेवामुखी शिक्षा दिने वातावरण सिर्जना गरौँ। अनि मात्र हामी नेपाली विश्वमा बहादुर भएको सार्थकता पाउनेछौँ। हामी हिजो बहादुर थियौँ तर आज कायरमा परिणत भएका छौँ। यसको मूल कारण भनेको हाम्रो शिक्षा र राजनीति नै हो।

हिजो हामीले लड्न जानेका थियौँ, हतियार बनाउँथ्यौँ, कम्तीमा अरिङ्गाल र बारुलाको प्रयोग गरेरै भए पनि युद्ध जित्ने कला र बुद्धि हामीमा थियो। नाकामा सिस्नु रोपेर पनि हामी सुरक्षित थियौँ। त्यतिबेला आँट, हिम्मतका साथै व्यावहारिक शिक्षा सिकेका थियौँ। अहिले हामीले बुर्जुवा शिक्षा सिकेका छौँ। जुन शिक्षाले हामीलाई गुलाम बनाइरहेको छ। अरूको अगाडि शिर निहुराएर मागेर खाने मगन्तेबाहेक अरू केही बनाउन सकेको छैन। अहिले आणविक हतियार र इन्टरनेटको जमाना छ। विज्ञान र प्रविधिको प्रयोग गरेर हामीले उन्नति गर्नुपर्नेछ। त्यसतर्फ हामीले सोच्नुपरेको छ। रातोपाटीबाट

# वीरगञ्ज महानगरले आफ्नै प्रयोगशालाबाट सुरु गऱ्यो खानेपानीको परीक्षण



वीरगञ्ज, १० भदौ। वीरगञ्ज महानगरपालिकाले पछिल्ला दिनमा तीव्र रूपमा देखापरेको झाडापखाला तथा हैजा सङ्क्रमणको जोखिमलाई मध्यनजर गर्दै आफ्नै पहलमा पानी परीक्षणको काम सुरु गरेको छ। महानगरले सङ्क्रमणको प्रमुख कारण दूषित खानेपानी हुनसक्ने आशंकामा नमुना संकलन र प्रयोगशालामा परीक्षण प्रक्रिया अघि बढाएको हो। महानगरले वडा नम्बर १०, ११ र १२ भित्रका विभिन्न पाँच स्थानका धाराबाट पानीको नमुना संकलन गरिएको महानगर प्रमुख राजेशमान सिंहले जानकारी दिए।

उनका अनुसार माइक्रोबायोलोजिष्ट अजय मण्डल, वातावरण निरीक्षक प्रकाश ऐरसहितको प्राविधिक टोलीले शंकास्पद क्षेत्रमा पुगेर धाराको पानी संकलन गरी प्रयोगशालामा परीक्षण गर्ने कार्यलाई तीव्रता दिएका छन्। सोमबारबाट महानगरले पानीको नमुना संकलन गरी आफैँले परीक्षण गर्न सुरु गरेको हो।महानगरले वडा नं. १ छपकैया स्थित खानेपानी प्रशोधन केन्द्रमै आधुनिक प्रयोगशाला स्थापना गरेको छ। प्रयोगशालामा हाल इ. कोली परीक्षण सहजै हुने व्यवस्था मिलाइएको छ। युनिसेफले उपलब्ध गराएको विशेष किट प्रयोग गरेर कोलिफर्म परीक्षण समेत सुरु गरिएको छ।

माइक्रोबायोलोजिष्ट मण्डलका अनुसार इ.कोली परीक्षणको प्रारम्भिक नतिजा २४ घण्टाभित्र आउँछ भने कोलिफर्म परीक्षणको विस्तृत रिपोर्ट पाउन करिब ७२ घण्टा लाग्नेछ। मण्डलले भने, "समयमै नतिजा प्राप्त भएपछि कुन क्षेत्रमा दूषित पानी प्रवाह भइरहेको छ भन्ने तत्काल थाहा हुन्छ र त्यसअनुसार आवश्यक कदम चाल्न सजिलो हुन्छ।" सङ्क्रमण नियन्त्रणलाई पहिलो प्राथमिकता दिँदै महानगर प्रमुख सिंहले सुरक्षित खानेपानी नै हालको मुख्य आवश्यकता रहेको बताए।उनका अनुसार महानगरपालिकाले आफ्नै स्तरबाट परीक्षण सुरु गर्नुको उद्देश्य बासिन्दालाई शुद्ध र सुरक्षित खानेपानी उपलब्ध गराउनु हो।

हाल महानगरले अत्यधिक प्रभावित क्षेत्रमा प्रयोग हुने धाराको पानीमा प्राथमिकता दिँदै परीक्षण कार्य अघि बढाइरहेको छ। तर, आवश्यकता अनुसार अन्य शंकास्पद स्थानका नमुनाहरू पनि संकलन गरी परीक्षण गर्ने तयारी रहेको महानगरले जनाएको छ।

# उमेर बढ्दै जाँदा हातखुट्टा किन दुख्न थाल्छ ?

बढ्दो उमेरसँगै शरीरमा धेरै परिवर्तनहरू हुन्छन्। उमेर बढ्दै जाँदा हाम्रा जोर्नीहरूको लचकता र बलियोपन बिस्तारै कम हुँदै जान्छ जसले गर्दा हातखुट्टा दुख्ने समस्या हुन्छ। घुँडाका जोर्नीहरूमा रहेको लुब्रिकेसन जसलाई सिनोभियल फ्लुइड भनिन्छ, यसले ह ीहरूलाई घर्षण हुनबाट जोगाउँछ र गतिविधिलाई सहज बनाउँछ। तर, उमेर बढ्दै जाँदा यो फ्लुइडको मात्रा कम हुँदै जान्छ, जसले गर्दा घुँडामा कठोरता, दुखाइ र हिँडडुलमा कठिनाइ बढ्छ।

यो कमी केवल उमेरको प्रभाव मात्र होइन, बरु जीवनशैली, पोषण र बढ्दो तौल पनि यसका कारणहरू हुन्। यदि समयमै सही उपायहरू अपनाइएन भने, यो अवस्था ओस्टियोआर्थ्राइटिस जस्ता गम्भीर समस्याको रूप लिन सक्छ।

**उमेरसँगै घुंडाको लुब्रिकेसन किन कम हुन्छ ? यसबाट बच्न के गर्न सकिन्छ ?**

**सिनोभियल फ्लुइडको कम उत्पादन**

उमेर बढ्दै जाँदा शरीरका जोर्नीहरूमा प्राकृतिक रूपमा लुब्रिकेन्ट फ्लुइडको निर्माण सुस्त हुन्छ। यो फ्लुइडले ह ीहरूबीचको घर्षण रोक्छ र यसको कमीले गतिविधिमा बाधा र दुखाइ महसुस हुन्छ।

**कार्टिलेजको घर्षण र क्षति**

जोर्नीहरूबीच रहेको



कार्टिलेजले कुशन (बचाव) को रूपमा काम गर्छ। उमेरसँगै यो घिस्रिन्छ, जसले ह ीहरू एकअर्कासँग ठोक्किन्छन् र लुब्रिकेशनको आवश्यकता झन् बढ्छ।

**पोषणको कमी र डिहाइड्रेसन**

प्रोटिन, ओमेगा–३ फ्याटी एसिड र हायलुरोनिक एसिड जस्ता पोषक तत्वहरू जोर्नीको स्वास्थ्यका लागि आवश्यक छन्। यिनको कमी र पर्याप्त पानी नपिउँदा सिनोभियल फ्लुइडको स्तर घट्छ।

**तौल र निस्क्रिय जीवनशैली**

अत्यधिक तौलले घुँडामा धेरै दबाब दिन्छ, जसले लुब्रिकेसन छिटो कम हुन्छ। त्यस्तै, लामो समयसम्म निस्क्रिय रहँदा सिनोभियल फ्लुइडको सञ्चार कम हुन्छ र जोर्नीहरू कठोर हुन्छन्।

**घुँडामा लुब्रिकेसनको कमीबाट कसरी बच्ने ?**

– प्रोटिन र ओमेगा–३ युक्त खाना खाने। सोयाबिन, दाल, ओखर जस्ता खाद्यपदार्थहरू जोर्नीका लागि फाइदाजनक हुन्छन्।

– पर्याप्त पानी पिउने। डिहाइड्रेसनले सिनोभियल फ्लुइडको स्तर घटाउन सक्छ, त्यसैले दैनिक पर्याप्त पानी पिउनुपर्छ।

**नियमित व्यायाम गर्ने**

– हिँड्ने, साइकल चलाउने र स्ट्रेचिङ गर्ने जस्ता गतिविधिले जोर्नीमा रक्तसञ्चार र फ्लुइड उत्पादनमा सुधार गर्छ।

– तौल नियन्त्रणमा राख्ने। अत्यधिक तौलले घुँडामा दबाब दिन्छ र लुब्रिकेसनलाई छिटो कम गर्छ।

# ठेकेदारको बदमासीले मलंगवामा बनेन हुलाकी सडक

सर्लाही, १० भदौ। स्थानीय पटक–पटक आन्दोलित हुँदा पनि सर्लाही सदरमुकाम मलंगवामा पूर्वपश्चिम हुलाकी सडकको निर्माण कार्य अझै अलपत्र छ। एक महिनाअघि स्थानीय युवा र महिलाले धुलाम्मे अवस्थामा रहेको हुलाकी सडक कालोपत्रे गर्न माग गर्दै चक्काजाम गरेका थिए। त्यसबेला निर्माण व्यवसायीले तत्काल कालोपत्रेको काम अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका थिए।

ठेकेदारले यो पटक पनि बदमासी गरेर कामै नगर्दा सडकको धुलोले बस्न नसक्ने अवस्था सिर्जना भएको स्थानीय नागेन्द्र चौधरीले गुनासो गर्नुभयो। मलङ्गवा बजार क्षेत्रको सडक कालोपत्रे गर्ने जिम्मेवारी हिमडुङ एण्ड ठोकर/हीरा एण्ड नमिता जे.भि.ले पाएको छ। निर्माण व्यवसायीलाई हुलाकी राजमार्ग योजना कार्यालय जनकपुरले बारम्बार पत्र काटेर सडक कालोपत्रेको काम सक्न दबाब दिँदै आएको छ। स्थानीयले समेत दर्जनौँ पटक चक्काजाम र टायर बालेर प्रदर्शन गरिसकेका छन्।

स्थानीय प्रदर्शनमा उत्रिएपछि निर्माण व्यवसायीले यो मितिमा काम सक्छु भनेर थामथुम पार्ने गरेका छन्। त्यसरी धेरै पटक मिति गुज्रिसकेको तर काम नभएको अर्का स्थानीय शिवचन्द्र चौधरीले बताउनुभयो।

## हैजा फैलिएपछि ...

जनस्वास्थ्य प्रयोगशालाले वीरगन्जबाट हैजाको आशंकामा पठाएका बिरामीको नमुना परीक्षण गर्दा १० मध्ये आठ वटामा हैजाको सङ्क्रमण पुष्टि गरेको छ। जिल्ला जनस्वास्थ्य कार्यालय पर्साले बिहान ११ बजे सार्वजनिक गरेको विवरण अनुसार वीरगञ्ज महानगरपालिकामा गएको सुक्रवारयता झाडापखालाका तीन सय ९१ जना बिरामी अस्पताल भर्ना भएका छन्। उनीहरु मध्ये ९५ जनामा हैजा पुष्टि भएको छ।

# उखु किसानको आनन्दोलनप्रति माओवादीसहितका विपक्षी दलहरुको ऐक्यबद्धता








काठमाडौं, १० भदौ। माइतिघरमा प्रदर्शन गरिरहेका उखु किसानको मागप्रति विभिन्न दलका नेताहरुले ऐक्यबद्धता जनाएका छन्। प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र) का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ उखु किसानसँगै केहीबेर धर्नामा बसेर उखु किसानका माग तत्काल सम्बोधन गर्न सरकारसँग माग गर्नुभएको छ। उहाँले किसानलाई विरोध र धर्नाको कार्यक्रममा बस्नुपर्ने स्थितिको अन्त्य गर्न कृषिमन्त्री, अर्थमन्त्री र प्रधानमन्त्रीसँग आग्रह गर्नुभयो।

यस्तै पूर्व प्रधानमन्त्रीहरु माधवकुमार नेपाल र डा. बाबुराम भटराई पनि धर्नास्थलमा पुगेर उखु किसानका मागप्रति ऐक्यबद्धता जनाउनुभएको छ। पूर्व प्रधानमन्त्री नेपालले उखु किसानलाई दिने भनेको अनुदान रकम घटाएर सरकारले किसानप्रति अन्याय गरेको आरोप लगाउनुभयो। पूर्व प्रधानमन्त्री भटराईले पनि सरकारले किसानहरुलाई मर्कामा पार्न नहुने भन्दै पूर्व घोषित अनुदान दिन सरकारसँग माग गर्नुभयो। सरकारले निर्धारण गरेको अनुदान रकम प्रतिक्विन्टल ७० रुपैयाँबाट आधा घटाएर ३५ रुपैयाँमा झार्ने निर्णय गरेपछि उखु किसान आन्दोलित भएका हुन्।

अस्ति आइतवारदेखि प्रदर्शन शुरु गरेका उनीहरुले पूर्व निर्धारित अनुदान दिने निर्णय नभइ आन्दोलन नरोक्ने बताएका छन्। सरकारले किसानलाई दिँदै आएको अनुदान घटाएपछि उखु उत्पादक महासंघको नेतृत्वमा भइरहेको आन्दोलनमा सिरहा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा र नवलपरासीका किसानहरू प्रदर्शनमा सहभागी छन्।

## श्री जनसमूह आधारभुत विद्यालय गुरुधाम

गोलबजार न.पा.-२, सिरहा
मधेश प्रदेश

### करारमा कर्मचारी पदपूर्तीको लागि दरखास्त अव्हान सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८२।०५।०४**

प्रस्तुत विषयमा यस श्री जनसमूह आधारभुत विद्यालय गुरुधाम, गोलबजार न.पा. २, सिरहाको वि.व्य.स.को मिति २०८२।०५।०४ गतेको निर्णयानुसार यस विद्यालयमा रिक्त रहेको कार्यालय सहयोगी(का.स.) पदमा करार नियुक्तिको लागि गोलबजार नगरपालिकाको प.सं. २०८२।८३, च.नं. ८, मिति २०८२।०४।२७ गतेको सिफारिस पत्र र शिक्षा विकास तथा समन्वय इकाई सिरहाको प.सं. २०८२।८३, च.नं. १२८ मिति २०८२।०५।०३ गतेको प्राप्त नियुक्ति अनुमति पत्रानुसार उक्त पदको लागि मिति २०८२।०५।०४ गते देखि लागु हुनेगरी १५ दिनभित्र विद्यालयमा आवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

१. विज्ञापन नं. १/०८२।८३
२. पद : कार्यालय सहयोगी
३. पद संख्या : १ (एक)
४. उमेर : १८ वर्ष पुराभई ४० वर्ष ननाघेको।
५. शैक्षिक योग्यता : साधारण लेखपढ (योग्यता बढी भएकालाई प्राथमिकता दिइनेछ।)
६. दरखास्त मिति : २०८२।०५।०४ देखि २०८२।०५।१८ गते सम्म ।
७. परीक्षा दस्तुर रु. : १,०००।-(एक हजार) रा.बा.बैंक खाता नं. २१३०१००००९२५००१
८. परीक्षाको किसिम : लिखित/अन्तरवार्ता
९. नागरिक्ता प्रमाणपत्रको प्रतिलिपी/शैक्षिक योग्यताको प्रमाणपत्र
१०. पासपोट साइजको फोटो२ (दुई) थान
११. सम्पर्क नं. : ९७०५४८९२५२/९८५११०५४६५

# बारामा मदिरा सेवन गरेर वडाध्यक्षले कुटे शिक्षक, शरीर बन्धक तथा कुटपिट मुद्दामा पक्राउ

जनकपुरधाम, १० भदौ। बाराको प्रसौनी गाउँपालिका–६ का वडाध्यक्ष बृजकिशोर कुशवाहाले एक शिक्षकलाई बन्धक बनाएर कुटपिट गरेको घटना सार्वजनिक भएको छ। पर्सा बहुदरमाई घर भई हाल प्रसौनी–६ बेलहिया बस्दै आएका शिक्षक नागेश्वर यादवलाई वडाध्यक्ष कुशवाहाको समूहले वडा कार्यालयमा बन्धक बनाएर कुटपिट गरेका हुन्।

शिक्षक यादवलाई अर्धनग्न बनाएर पाता फर्काए हता बाँधेर कुटपिट गरिरहेको भिडियो नै बाहिरिएको छ। उनी स्मार्ट कोचिङका शिक्षक हुन्। घटना गत २८ साउनको हो। केही व्यक्तिहरूले आफूलाई समातेर लगेपछि वडा कार्यालयमा बन्धक बनाएर वडाध्यक्ष कुशवाहासहितले कुटपिट गरेको पीडित शिक्षक यादवको गुनासो छ।

‘केही व्यक्तिले मलाई वडाध्यक्षले बोलाइरहेको भनेर समात्न आए। कलर समातेर लगेपछि वडाध्यक्ष कुशवाहाले नलकटुवा देखाएरभित्र बस्न भने। भित्र लगेर अर्धनग्न बनाए, हातखुट्टा बाँधे। ३/४ लात खुट्टाले हाने।





त्यसपछि कुटपिट गरिरहे,’ उनले आफूमाथि भएको घटनाको वृतान्त सुनाए। उनका अनुसार वडाध्यक्ष कुशवाहा मादक पदार्थ सेवन गरेका थिए। त्यस बखत ८ जना बसेर रक्सी खाँदै आफूमाथि कुटपिट गरेका थिए।

वडाध्यक्ष कुशवाहाले सादा कागजातमा जबजरजस्ती औंठाछाप र हस्ताक्षर गराएको, मारेर फाल्नसम्मको धम्की दिएको उनले बताए। घटना लगतै पीडित शिक्षक यादवले जिल्ला प्रहरी कार्यालय बारामा जाहेरी दिएका थिए। परीक्षा अभ्यासका लागि प्रश्नपत्रको फोटोकपी गराइरहेको समयमा अचानक अध्यक्षको समूहले आफूलाई समातेर लगेको पीडित शिक्षकले दिएको जाहेरीमा उल्लेख रहेको प्रहरीले जनाएको छ ।

जाहेरीको आधारमा प्रहरीले वडाध्यक्ष कुशवाहालाई पक्राउ गरी शरीर बन्धक तथा कुटपिट मुद्दामा कारबाही अघि बढाएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ। गाउँपालिका अध्यक्ष विनोदप्रसाद जयसवालले प्रहरीमा पीडिले जाहेरी दिए लगतै वडाध्यक्षलाई प्रहरीले पक्राउ गरेर अनुसन्धान गरिरहेको बताए।

कुशवाहा नेकपा माओवादी केन्द्रबाट वडाध्यक्षमा निर्वाचित भएका हुन्। घटना बाहिरिएपछि माओवादीले उनलाई ६ महिनाका लागि पार्टीबाट निलम्बन गरेको छ ।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)